# कामममा कम पारिश्रमिक

Employment Rights Legal Service

यदि तपाईं कतै काम गरिरहनुभएको छ र सो काम गरेबापत तपाईंलाई कम पारिश्रमिक दिइएको छ भने तपाईं के गर्न सक्नुहुन्छ भन्ने कुरा यो तथ्यपत्रले दर्शाउँछ। यदि तपाईंलाई :

- ·उचित तलब भुक्तानी नभएको वा तलब भुक्तान नगरिएको,
- ·राति अबेरसम्म वा सप्ताहान्तमा समेत काम गरेबापत थप तलब (अतिरिक्त दरमा) भुक्तान नगरिएको वा
- ·वार्षिक बिदा, बिरामी बिदा, दीर्घकालीन सेवा बिदा वा कामबाट हटाउँदा (रिडन्डन्सी) को तलबजस्ता हकहरूका लागि तलब भुक्तान नगरिएको भए,

तपाईंलाई तिर्नुपर्ने रकम प्राप्त गर्ने कानूनी अधिकार हुन सक्छ।

**तपाईंले के गर्न आवश्यक छ ?**

चरण १. रोजगारदाताले आफूलाई कति बक्यौता तिर्न बाँकी छ भनेर ठीकसँग हिसाब गर्नुहोस्।
चरण २. आफ्नो रोजगारदातासँग यसबारे कुरा राख्नुहोस्।
चरण ३: माग पत्र लेख्नुहोस्।
चरण ४. स्वच्छ कार्य लोकपाल (फेयर वर्क ओम्बड्सम्यान) मा उजुरी गर्नुहोस्; र/वा
चरण ५. अदालतमा आफ्नो दाबी पेस गर्नुहोस्।

**चरण १. रोजगारदाताले आफूलाई कति बक्यौता तिर्न बाँकी छ भनेर ठीकसँग हिसाब गर्नुहोस्।**


तपाईंको सही तलब दर के हो? तपाईंले आफ्नो रोजगार सम्झौता वा सान्दर्भिक इनाम सुविधा (अवार्ड) जाँच गरेर यो हिसाब गर्न सक्नुहुन्छ। यदि सम्झौतामा तपाईंलाई कुनै इनाम सुविधा दिइने कुरा उल्लेख गरिएको छ भने, यसले तपाईंको न्यूनतम तलब भुक्तानी तय गरेको जनाउनेछ। स्वच्छ कार्य लोकपाल (फेयर वर्क ओम्बड्सम्यान– **एफडब्लूओ**) ले तपाईंलाई www.fairwork.gov.au मा आफ्नो इनाम सुविधा (अवार्ड) र तलबको सही आधार दर जाँच गर्न मद्दत गर्न सक्छ।

तपाईंलाई कति तलब भुक्तानी गरिएको छ? तपाईंले आफ्नो तलब विवरणहरू, आय तथा कर प्रमाणपत्र (ग्रुप सर्टिफिकेट) र बैंक विवरणहरू जाँच गरेर यो हिसाब गर्न सक्नुहुन्छ।

तपाईंलाई कति तलब भुक्तान गर्नुपर्ने थियो र कति तलब भुक्तान गरियो? यसबीचको भिन्नता भनेको नै तपाईंले प्राप्त गर्नुपर्ने बाँकी रकम हो।
मा कम तलब भुक्तानी गणनाको नमुना छ। यदि तपाईंलाई तपाईंको कम तलब भुक्तानीबारे हिसाब गर्न कठिनाइ भइरहेको छ भने, तपाईं कानूनी सल्लाह लिन पनि सक्नुहुन्छ।

**चरण २. आफ्नो रोजगारदातासँग यसबारे कुरा राख्नुहोस्।**

कम तलब भुक्तानबारे आफ्नो रोजगारदातासँग कुरा गर्नुहोस् र समस्या समाधानका लागि अनुरोध गर्नुहोस्। तपाईंको रोजगारदाताले तपाईंलाई जानाजान कम तलब भुक्तान नगरेको हुन सक्छ; तिनीहरूले साँच्चै गल्ती गरेको हुन सक्छ। यो अवस्थामा, तपाईंको रोजगारदातासँग कुरा गर्नु यस्तो समस्या समाधान गर्नको लागि पर्याप्त हुन सक्छ।



**टिपोट (नोट) लेख्नुहोस्!** मितिलगायत तपाईंले कुरा गरेको व्यक्तिको नाम, के भनिएको थियो, र कम भुक्तानीको बारेमा तपाईंको रोजगारदातासँग भएको कुनै पनि छलफलको टिपोट (नोट) बनाउनु राम्रो विचार हो। यदि तपाईंको रोजगारदातासँग कुरा गर्दा काम भएन भने, तपाईंले चरण ३ बारे विचार गर्न आवश्यक पर्दछ।

**चरण ३: माग पत्र लेख्नुहोस्।**

तपाईंले प्राप्त गर्नुपर्ने रकम र त्यसको गणना कसरी गरियो भनी खुलाएर तपाईंको रोजगारदातालाई एउटा 'माग पत्र' लेख्नुहोस्। आफ्नो रोजगारदातालाई उचित अवधि (सामान्यतया १४ दिन) भित्र तिर्नुपर्ने रकम तिर्न लगाउनुहोस्। यदि समयमा भुक्तानी नगरेमा आफूले चाल्न सक्ने कदमहरू तपाईंको रोजगारदातालाई अवगत गराउनुहोस् (तल हेर्नुहोस्)

**चरण ४: स्वच्छ कार्य लोकपाल (फेयर वर्क ओम्बड्सम्यान) मा उजुरी गर्नुहोस्।**
यदि तपाईंको रोजगारदाताले तपाईंलाई तिर्नुपर्ने रकम तिर्न अस्वीकार गरेमा, तपाईं मद्दतको लागि एफडब्लूओलाई अनुरोध गर्न सक्नुहुन्छ: https://bit.ly/fwo-how-we-help। एफडब्लूओले तपाईंको उजुरीको छानबिन गर्न कार्यस्थल निरीक्षक नियुक्त गर्न सक्छ र तपाईंलाई उजुरी प्रक्रियाभरिको कार्यमा मद्दत गर्न सक्छ।

**चरण ५: अदालतमा आफ्नो दाबी पेस गर्नुहोस्।**
तपाईंले आफ्नो पैसा प्राप्त गर्न अदालतमा पनि आवेदन दिन सक्नुहुन्छ। यदि तपाईंको दाबी $ १००,००० वा सो भन्दा कमको लागि हो र यसमा निम्न उल्लङ्घन भएको छ भने :

- राष्ट्रिय रोजगारी मापदण्ड अन्तर्गत न्यूनतम अधिकार,
- इनाम सुविधा अन्तर्गत अधिकार;
- उद्यम सम्झौता;
- राष्ट्रिय न्यूनतम ज्याला आदेश; वा
- स्वच्छ कार्य आयोगको आदेश।

तपाईंले अपेक्षाकृत अनौपचारिक तथा द्रुत प्रक्रिया प्रयोग गरी कम भुक्तानीहरू प्राप्त गर्नको लागि अष्ट्रेलियाको संघीय सर्किट तथा परिवार अदालत (**एफसीएफसीए; FCFCA**) वा एनएसडब्लूको स्थानीय अदालतको सानो दाबी प्रक्रिया (small claims process) प्रयोग गर्न सक्नुहुन्छ।
तपाईंलाई तपाईंको रोजगारदाताविरुद्ध कम भुक्तानीसम्बन्धी दाबी पेस गर्नको लागि एक वकिलको आवश्यकता पर्दैन तर पहिले नै सुझाव लिनाले मद्दत पुग्न सक्छ।
एफडब्लूओ (FWO) को साना दाबी मार्ग-निर्देशिकाले तपाईंलाई यस्तो आवेदन पेस गर्न मार्गदर्शन प्रदान गर्न सक्छ।

सामान्य विभाजन: यदि तपाईं $ १००,००० भन्दा बढी दाबी गर्दै हुनुहुन्छ वा अतिरिक्त शुल्कहरू दाबी गर्न चाहनुहुन्छ भने, तपाईं एफसीएफसीए (FCFCA) मा सामान्य आवेदन पेस गर्न सक्नुहुन्छ। सामान्य विभाजनसम्बन्धी दाबी ल्याउने प्रक्रिया थप जटिल हुन सक्छ र फाइलिङ शुल्क साना दाबी विभाजनको शुल्कभन्दा महँगो छ। सामान्य विभाजनमा, तपाईंको रोजगारदातालाई गलत कामको लागि तपाईंलाई सीधै जरिवाना तिर्न आदेश दिन सकिन्छ।

स्वच्छ कार्य ऐन २००९ (Cth) अन्तर्गत ल्याइएका दाबीहरूका लागि, यदि तपाईंको दाबी असफल भयो भने, अदालतले तपाईंलाई असाधारण अवस्थामा मात्र तपाईंको रोजगारदाताको कनूनी लागत तिर्न आदेश दिनेछ।

**एनएसडब्लू स्थानीय अदालत र अन्य राज्य अदालतहरू:**
तपाईंले रोजगार सम्झौताको उल्लङ्घनको लागि मुख्य औद्योगिक मजिस्ट्रेट अदालत वा एनएसडब्लूको स्थानीय अदालतमा पनि मुद्दा चलाउन सक्नुहुन्छ। यदि तपाईंको दाबी असफल भयो भने, तपाईंलाई तपाईंको रोजगारदाताको कानूनी लागत तिर्न आदेश दिन सक्छ। स्थानीय अदालतमा तपाईंले सामना गर्न सक्ने जरिवानाको सीमा छ।

**महत्त्वपूर्ण कुरा:**
तपाईंलाई कम तलब भुक्तानी गरेको मितिदेखि भुक्तानी नगरिएको ज्याला मागदाबी पेस गर्न तपाईंसँग ६ वर्षको म्याद हुनेछ।

**मैले कानुनी सल्लाह कहाँ पाउन सक्छु?**
यस तथ्यपत्रमा समावेश गरिएको जानकारी सामान्य जानकारीमात्र हो। यो तपाईंको व्यक्तिगत स्थितिका बारेमा कानुनी सल्लाह प्राप्त गर्नको लागि विकल्प होइन। यदि तपाईं कम तलब भुक्तान पुन: प्राप्ति गर्न कारबाही प्रक्रिया बढाउन चाहनुहुन्छ भने, हामी तपाईंलाई निम्न सम्पर्कहरूमा सम्पर्क गरेर कानूनी सल्लाह प्राप्त गर्न सुझाव दिन्छौं :

- रोजगार अधिकार कानूनी सेवा (Employment Rights Legal Service) को लागि ०२ ८००४३२७० मा सम्पर्क गर्नुहोस् वा erls.org.au मा अनलाइन हेर्नुहोस् हामी प्रवासी कामदारहरू र अन्तर्राष्ट्रिय विद्यार्थीहरूलाई मद्दत गर्छौं र सहयोगको लागि दोभासेको व्यवस्था गर्न सक्छौं।
- कानुनी सहायता एनएसडब्लू (LegalAid NSW) ले तपाईंलाई आफ्नो स्थानीय सीएलसी (CLC) फेला पार्न मद्दत गर्न सक्छ। legalaid.nsw.gov.au मा जानुहोस् वा १३०० ८८८ ५२८ मा सम्पर्क गर्नुहोस्।

प्रकाशित : रेडफर्न कानुनी केन्द्रद्वारा २९ अक्टोबर २०१८ । १३ नोभेम्बर २०२३ मा संशोधित।